# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले पुस १७ गते काठमाडौंमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लिमिटेड, एपेक्स डेभलपमेण्ट बैंक लिमिटेड, सुप्रिम डेभलपमेण्ट बैंक लिमिटेड र इण्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको एक समारोह बीच शुभारम्भ गर्नुभयो ।



एकीकृत कारोबारको शुभारम्भ पश्चात् गभर्नर डा. नेपालले सो समारोहलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरूलाई संस्थागत सुशासन कायम राख्न र नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न जोड दिनुभयो । उहाँले संस्थालाई समस्याग्रस्त हुन नदिन सरोकारवाला सबैपक्ष चनाखो हुनुपर्ने बताउनु भयो र सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्दै संस्थालाई अनुशासित बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारी सबैको आ-आफ्नै प्रकारको भूमिका रहने धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले उक्त समारोहमा बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन सल्लाह दिनुभयो । पहिलेको लगानी उठाउँदै जान र उत्पादनमूलक व्यवसायमा प्राथमिकताकासाथ लगानी गरी चुलिँदो व्यापार घाटालाई कम पार्न सहयोग गर्न उहाँले अनुरोध गर्नुभयो । नेपालमा लगानीको लागि प्रशस्त संभावना रहेकोले अवसरहरूको उपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरूमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।

नेपालको अर्थतन्त्रको आकार, सार्क देशका बैंकहरूको चुक्ता पुँजी, ठुला योजनाहरूका लागि ठुलो पुँजीको आवश्यकता, सक्षम र बलियो संस्थाको अवधारणाका आधारमा बैंक तथा वित्तीय संस्थाहरूको चुक्ता पुँजी वृद्धिको व्यवस्था ल्याइएको विचार गभर्नर डा. नेपालले सो समारोहमा राख्नुभयो । साथै, संस्थाको काम कारवाहीहरूलाई नियमसंगत, पारदर्शी र जोखिममुक्त बनाउन सबै प्रकारका संस्थाहरूमा जोखिममा आधारित सुपरिवेक्षण गरिने र क्रमशः बासल ३ लागु गरिने पनि उहाँले जानकारी दिनुभयो ।



नेपाल राष्ट्र बैंकका अधिकृतहरू लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू, पत्रकारहरू आदिको उपस्थिति रहेको सो समारोहमा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र वित्त कम्पनी सुपरिवेक्षण विभागका का.मु. निर्देशक ईश्वरीप्रसाद न्यौपानेले मर्जरका लागि भए, गरेका गतिविधिहरूका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

२०७३ पुस १७, आइतबार

गभर्नरको कार्यालय